# भिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

भिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :- ६७६

मिति :- २०७८/१०/०५

विषयः-**विधुतिय ,अनलाईन,नेटवर्किङ्ग गतिविधि नियन्त्रण सम्वन्धमा ।**

श्री भिमरुक गाउँपालिका,
वडा कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. १४२३ मिति २०७८/९/२३ र संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको च.नं. ५७ मिति २०७८/०९/२८ गतेको पत्र यसै पत्रसाथ संलग्न गरी पठाईएको छ पत्रहरुवाट व्यहोरा अवगत गरी अनलाई वा नेटवर्किङ्ग व्यवसायका नाममा हुने ईजाजत प्राप्तबाहेकका जुनसुकै गतिविधिहरुको निगरानी,नियन्त्रण तथा कारबाही गर्ने कार्यमा स्थानीय प्रशासनलाई आवश्यक सहयोग तथा सहजिकरण गर्नुहुन अनुरोध छ ।

२०७८।१०।५
सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

## संघीय मामिला शाखा

सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०७८/७९
च.नं. ५८

मिति:२०७८/०९/२८

श्री स्थानीय तहहरु (सबै)

**बिषयः- विद्युतीय, अनलाइन, नेटवर्किङ् गतिविधि नियन्त्रण सम्बन्धमा।**

गृह मन्त्रालयको पत्र संख्या शा.सु. २०७८/७९/०८ च.नं. १४२३ मिति २०७८/०९/२३ को विद्युतीय, अनलाइन, नेटवर्किङ् गतिविधि नियन्त्रण सम्बन्धमा प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई लेखिएको तथा यस मन्त्रालयलाई बोधार्थ दिइएको पत्र यसैसाथ संलग्न छ। संलग्न पत्रबाट विस्तृत व्यहोरा अवगत गर्नुभई स्थानीय तहको सिमानाभित्र हुनसक्ने यस्ता गतिविधिहरुको निगरानी, नियन्त्रण तथा कारबाही गर्ने कार्यमा स्थानीय प्रशासनलाई आवश्यक सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७८।९।२८

(केशवराज पाधें)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।
श्री सूचना तथा प्रविधि शाखा-
सबै स्थानीय तहहरुलाई **email send** गरिदिनु हुन ।

श्री प्रशासन शाखा
सबै वडामा सूचना सम्प्रेषण गर्ने ।
२०७८।१०।४

झिमरुक गाउँपालिका
दर्ता नं. ६०१
मिति: २०७८।१०।४

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २९८१
दर्ता मिति:- ९।२४

पत्र संख्याः-शा.सु. ०७८/०७९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 9822

मितिः २०७८/०९/२३

विषयः विद्युतीय, अनलाईन, नेटवर्किङ्ग गतिविधि नियन्त्रण सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा जुनसुकै व्यापार व्यवसाय वा आर्थिक गतिविधि सञ्चालन गर्न प्रचलन कानून बमोजिम इजाजत लिएको हुनुपर्दछ । जनतालाई आर्थिक लाभ पुऱ्याउने प्रलोभनमा पछिल्लो समय विभिन्न स्वरुपका गैरकानूनी आर्थिक क्रियाकलाप सञ्चालनबाट आम जनसमुदायमा ठगी र असुरक्षाको वातावरण सृजना भएको गुनासाहरु प्राप्त हुने गरेका छन् ।

सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा इजाजत नलिई अनलाईन वा विद्युतीय कारोबारका नाममा गाउँ, टोल, समाजमा नेटवर्किङ व्यबसाय, अनलाईन व्यवसाय, अनलाईन बैकिङ्ग, अनलाईन सहकारी, अनलाईन बीमा, अनलाईन गेमिङ, घुम्ती बैकिङ्ग वा यस्तै प्रकृतिका अन्य नाममा व्यवसायीक क्रियाकलाप गैर कानूनी रुपमा फस्टाउँदै गएकोले यस किसिमका अनलाईन वा नेटवर्किङ्ग व्यवसायका नाममा हुने ईजाजत प्राप्त बाहेकका जुनसुकै गतिविधिहरुको निगरानी गर्ने, नियन्त्रण गर्ने र त्यस्ता गैरकानूनी कार्य गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गर्ने ब्यबस्था हुन आदेशानुसार अनुरोध छ ।

२०७८/०९/२३
(सम्राट थापा मगर)
शाखा अधिकृत

बोधार्थः
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं : स्थानीय तहहरुलाई परिपत्र गरिदिनुहुन ।
श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।